हेटौडा उपमहानगरपालिका
१ नं. वडा कार्यालय
चाईनाक्वाटर, हेटौडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि

# अन्तिम प्रतिवेदन

मितिः २०८१/०९/१७

**प्रतिवेदन पेश गर्नेः**

हेटौंडा उपमहानगरपालिका,
१ न. वडा कार्यालय,
हेटौडा, मकवानपुर

**प्रतिवेदन पेश हुने निकायः**

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय मार्फत
जिल्ला समन्वय समितिको कार्यालय
हेटौंडा, मकवानपुर

# प्रतिवेदनमा समावेश गरिएका विषय वस्तुका सूची:


१. वडाको संक्षिप्त परिचय
२. बालमैत्री स्थानीय शायनयुक्त वडाको रूपमा घोषणा गर्न तथा यसको दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरू
३. बाल बचाऊका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
४. बाल बचाऊका सूचकहरूको विद्यमान अवस्था
५. बाल संरक्षणका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
६. बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था
७. बाल विकासका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
८. बाल विकासका सूचकहरूको विद्यमान अवस्था
९. बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू
१०. स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको स्थिति
११. बाल समूहको नामावली
१२. वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामावली
१३. बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली
१४. बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था
१५. संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरु
१६. संस्थागत सूचकहरूको विद्यमान अवस्था
१७. बालमैत्री स्थानीय शासनका तहगत खुड्कीला सम्बन्धी विवरण
१८. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था

## १.वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर १ साविक हेटौडा उपमहानगरपालिका वडा नं. १ र साविक बसामाडी गा.वि.स.को वडा नं. ८ र ९ मिलेर बनेको छ ।यस वडाको क्षेत्रफल १४.८६ वर्ग कि.मी. रहेको छ। यस वडाको पूर्वी सिमानामा त्रिभुवन राजपथ, पश्चिममा वडा नं.१९, उत्तरतर्फ भीमफेदी गाउँपालिका र दक्षिणमा महेन्द्र राजमार्ग अवस्थित छ ।अधिकांश भागहरु ग्रामिण भेगका रहेकाले हरियालि र रमणीय क्षेत्रहरु छन् । भैरव डाँडाँ, लाल झाँडी, धाकल डाँडाँ, माथिल्लो मैनटार, वालकोट, शिखरकोट, ध्याङसिङटार लगायतका स्थानहरु कृषिक्षेत्रका लागि उपर्युक्त छन् ।हेटौडा उपमहानगरपालिका वडा नं. १ को रापि खोला पुर्व चौकिटोल,जरुवाटोल, चाईनाक्वाटर लगायतका क्षेत्रमा शहरी बस्ति रहेको छ भने बुद्धचोक देखि त्रिभुवन राजपथ हुदै चौकिटोल, स्वर्गद्धारी, चाईनाक्वाटर देखि रापि पुल सम्म व्यवसायीक क्षेत्रको रुपमा रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण २०७९ अनुसार यस वडामा कुल जनसंख्या ६७९० रहेको छ जसमा महिला ३३५७ र पुरुषको संख्या ३४३३ रहेको । १८ वर्ष मुनिका बालबालिकाको कुल जनसंख्या २०१४ रहेको छ जसमा १०४५ बालक र ९६९ बालिका रहेका छन्।

### १.२ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडामा सबैभन्दा धेरै परिवारहरु ३५% ज्याला मजदुरीमा आवद्ध रहेका छन्। २८% व्यापार-व्यवसायको क्षेत्रमा संलग्न छन्।२१ प्रतिशत सेवा-नोकरीको क्षेत्रमा संलग्न छन्। कृषि र पशुपालन गर्नेहरु ७ प्रतिशत रहेका छन् । विप्रेषण बाट ६ प्रतिशत रहेका छन भने अन्य पेशामा १ प्रतिशत व्यक्ति आवद्ध छन् ।

यस हेटौंडा उपमहानगरपालिकाले २०८० चैत्र २० गते पूर्ण खोपयुक्त नगर, २०७३ भाद्र ३० गते पूर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसा मुक्त वडा घोषणा गरिसकेकोले नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक विभिन्न सूचकहरु पार गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियानमा रहेको छ। हेटौंडा १ नं. वडालाई बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा गर्नका लागी हेटौंडा उपमहानगरपालिका, विभिन्न संघ संस्था, विभिन्न सरोकारवालाहरुको प्रयास र सहयोगबाट यो वडालाई यहि २०८१ साल माघ मसान्त भित्र बालमैत्री स्थानीय शासन घोषणा गरी बालअधिकारको सुनिश्चितता तथा घोषणा पश्चात निरन्तर दिगोपनाका यस वडाको हालको प्रमुख उद्देश्य रहेको छ ।

## २.बालमैत्री स्थानीय शासनयुक्त वडाको रूपमा घोषणा तथा दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरूः

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेहि बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ तथा घोषणा कार्यविधि २०७९, स्थानीय सरकार संचालन ऐन, २०७४ तयार हुनु आफैमा एउटा अवसरको रुपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीयतहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो ।यस वडाले २०७९ मंसिर ११ देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचकमा विभिन्न नतिजामा कार्य गरिरहेकोमा बालमैत्री स्थानीय घोषणाका लागि आवश्यक गतिविधि पूरा गरिसकेको अवस्था छ।

### बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका सम्भावना र अवसरहरुः

१. पूर्णखोप, खुल्ला दिसा मुक्त, पूर्ण साक्षर घोषणा भएको वडा,
२. यस वडामा सामुदायिक र संस्थागत गरि ६ वटा विद्यालय रहेको,
३. यस वडा भित्र बंशगोपाल मन्दिर, रक्षा देवि मन्दिर जस्ता धार्मिक स्थल तथा पर्यटकीय स्थाल रहेको,
४. मिश्रित समुदायको वाहुल्यता,
५. टोल विकास संस्था, महिला जागरण समूह, आमा समूह, बाल सञ्जाल, बाल समूह गठन भई विकास निर्माण तथा सामाजिक कार्यमा सक्रिय सहभागिता रहेको,
६. स्थानीय सरकार संचालन ऐन २०७४ मा बालमैत्री स्थानीय शासनयुक्त घोषणालाई मुख्य सवालको रुपमा लिइनु,
७. आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षवाट समाजका सबै वर्गलाई समेट्ने प्रयास गरी सामाजिक न्यायको सिद्दान्तलाई आत्मासात गर्दै समतामूलक समाजको निर्माण तर्फ समाज अघि बढेको,
८. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासनयुक्त वडा, स्थानीयतह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु,
९. बालमैत्री स्थानीय शासन वडा समिति, राजनीतिक दल, वडा बाल अधिकार समिति, बालसमूह तथा बालसंजाल लगायत संरचनाहरुको सक्रियता,
१०. स्वास्थ्य र शैक्षिक संस्था लगायतका विषयगत निकाय र अन्य सामाजिक संमूह संगठनहरु संग राम्रो समन्वय रहनु,
११. बालमैत्री स्थानीय शासन प्रति समुदायको चासो, साथ, सहयोग र कार्यक्रममा सक्रियता जनाउनु,
१२. बालमैत्री स्थानीय शासनका ५१ सूचक मध्ये सम्पूर्ण सूचकमा तोकिए बमोजिमको नतिजा प्राप्त भएको अवस्था,
१३. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, सामाजिक विकास, पञ्जिकरण लगायत सरोकारवालाहरुलाई जिम्मेवार बनाई सूचक प्राप्तिमा निरन्तरता दिईनु,
१४. बालमैत्री सहजकर्ता परिचालन,
१५. समुदायमा १२ वटा र विद्यालयमा ६ गरी १८ ओटा बालसमूह र १ वटा वडास्तरीय बालसमूह संजाल गठन भई क्रियाशील।,
१६. स्थानीय वडाबासी द्धारा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा प्रकृियामा साथ सहयोग र पूर्ण प्रतबद्धता जनाउन,

१७. प्रतिबद्ध, लगनशील र उर्जावान जनप्रतिनिधी तथा कर्तव्यनिष्ठ कर्मचारी।

**बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका चुनौतीहरुः**

१. उपलब्ध स्रोत साधनको तुलनामा समुदायको पूर्वाधार विकासका माग सम्बोधन गर्नु,
२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइराख्नु,
३. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन सरोकारवाला निकाय, संघसंस्था, समिति तथा परिवारलाई संवेदनशील हुन अभिप्रेरित गरि निरन्तर विशेष जिम्मेवारी वोध गराई दिगोपना कायम गर्नु,
४. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता चौतर्फी विकासका आधारभूत पक्षको उच्चतम प्रवर्धन गर्नु,
५. सबै धर्म, वर्ग, जातजाति, क्षेत्रका समुदायलाई बालमैत्री आचारसंहिताको सफल व्यावहारिक कार्यान्वयनमा सक्रिय सहभागि गराउनु,
६. शैक्षिक संस्था वरपर र सार्वजनिक स्थान वरपर सुर्तिजन्य पदार्थ र मद्यपान बिक्रि वितरणमा कडाईका साथ प्रतिबन्ध लगाउनु।

## बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:

१ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम **सेवाप्रवाह र संस्थागत** सूचकहरु प्राप्तीको लागि गरिएका महत्वपुर्ण कार्यहरुः

## ३. बालबचाऊका सम्बन्धमा वडामा सञ्चालन भएका कार्यहरुः

१) पूर्ण स्तनपान, स्वास्थ्य शिक्षा, पोषिलो खाना स्थानीय स्तरमा व्यवस्थापन, आइरन चक्की प्रयोग, सरसफाई सम्बन्धी सचेतना कार्यक्रम संचालन, हात धुने बिधि कार्यक्रम, घरदैलो अभियान,
२) पूर्णखोप वडा घोषणा र यस्को निरन्तरता रहेको,
३) एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम नियमित भएको र संक्रमित नरहेको,
४) खुल्ला दिसा मुक्त वडा घोषणा र निरन्तरता,
५) उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत शहरी स्वास्थ्य केन्द्रको समन्वयमा जनप्रतिनिधिद्वारा पोषण कोसेली वितरण कार्यक्रम सञ्चालनमा रहेको र नियमित शिशुको तौल जाँच गर्ने गरिएको।
६) हजार दिनका आमा र आमा समूहहरुलाई पूर्ण स्तनपान, सुरक्षित मातृत्व, पोषण, सरसफाई लगायतका विषयमा निरन्तर सचेतना र परामर्श।
७) राष्ट्रिय कार्यक्रम अन्तर्गत ५ वर्ष मूनिका बालबालिकालाई भिटामिन “ए” तथा जुकाको औषधी खुवाउनुको साथै नियमित शारीरिक तथा मानसिक बृद्धि बिकास अनुगमन गर्ने गरिएको,

८) चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुनुपर्ने विषयमा सचेतना कार्यक्रम संचालन,

९) खानेपानी संस्थानद्वारा प्रत्येक घरधुरीमा खानेपानी धारा वितरण र नियमित खानेपानी परिक्षण भएको (आधारभूत तहको खानेपानी सुविधा सबै परिवारमा उपलव्ध)।

१०) विद्यालय, तथा समुदाय स्तरमा साबुन पानीले हात धुने परिपाटी स्थापित,

११) विद्यालयमा किशोरकिशोरी केन्द्रित प्रजनन् स्वास्थ्य, एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम,

१२) महिला स्वास्थ्य स्वयमसेविका र आमा समूहको वैठकमा बाल बचाऊका सूचक वारे छलफल,

१३) आयोडिनयुक्त नुनको प्रयोग बारे सचेतना जागरुक गराई हरेक घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको सुनिश्चितता,

१४) स्वास्थ्य संस्थाको मासिक तथा वार्षिक प्रतिवेदन संकलन तथा अध्ययन,

१५) कोरोना न्यूनिकरणका लागि बिभिन्न समयमा कोरोना रोकथाम सम्वन्धी बिभिन्न कार्यक्रम तथा खोप सञ्चालन गरेको,

१६) समय समयमा स्वास्थ्य शिविर सञ्चालन,

१७) स्वास्थ्य संस्थाद्वारा बालसमूहलाई मास्क तथा पञ्जा वितरण,

१८) सामुदायिक तथा संस्थागत विद्यालयमा प्याड वितरण,

१९) वडामा स्तनपान कक्षको स्थापना भएको,

२०) डेङ्गु विरुद्ध समुदाय र विद्यालयमा सचेतना र सरसफाई कार्यक्रम संगै डेङ्गु लगायतका अन्य रोगव्याधी विरुद्ध औषधी र निशुल्क डेङ्गु परिक्षण ।

## ४. बाल बचाऊका सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल बचाऊ सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवश्था (२०८१/०९/१६ सम्म) | घोषणा को लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ | | १००% | ९५% | आ.व. ०८०।०८१ मा ३९ जना र यस आ.व.का पौष मसान्तसम्मको ३९ जना गर्भवती |

| | | | | | |
|---|---|---|---|---|---|
| | पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | | | | सबैले समयानुसार गर्भजाँच गराएका छन्। नवजात शिशु सहित ३९ जना सुत्केरी आमा सबैले जाँच गराएका छन्। |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | १००% | ९५% | ३९ जना गर्भवती मध्ये समय पुगेका सबै जनाले टिडी विरुद्धको खोप लगाएका छन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन् । | | १००% | ९५% | ३९ जना सुत्केरी प्रत्यकले २२५ वटा आइरन चक्की खाएका छन् र गर्भवतीले नियमित खादै छन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | | १००% | ८०% | ३९ जना गर्भवती सबै स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पुर्ण स्तनपान गराएका हुनेछन् । | | ८२% | ८०% | २३ जना शिशु मध्ये १९ जना शिशुले पूर्ण स्तनपान पाएका छन् भने बाँकी ४ जना शिशुले पाएका छैनन्। |
| ६ | छ महिना देखि पाँच वर्ष मुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | | १००% | १००% | ६ महिना देखि ५ वर्ष मुनिका ४४५ जना सबै बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक | | १००% | १००% | १५ देखी २३ महिना भित्रका सबै ८७ जना बालबालिकाले |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | | | | नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ। |
| ८ | एचआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | | १००% | १००% | एचआईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | | १००% | १००% | अति कडा कुपोषण भएका बालबालिका नभएको। |
| १२ | सबै घरधुरीमा आधारभुत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १००% | १००% | सबै घरधुरीमा खानेपानीको सुबिधा रहेको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १००% | १००% | सबै घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुला दिसा मुक्त घोषणा भइसकेको छ। |

**५. बालसंरक्षणका सूचक हाँसिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:**

१. टोल विकास संस्थाहरुमा पत्राचार गरि जन्मदर्ता अभियान संचालन गरिएको, खोपको बेला र विद्यालय भर्नाको बेला जन्मदर्ता अनिवार्य गरिएको छ।

२. टोल टोलमा, विद्यालयमा बालविवाह न्युनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन भएका छन ।

३. बालमैत्री आचारसंहिता एवं बालसंरक्षणका कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

४. वडा बालअधिकार समितिद्धारा विशेष गरी बालसंरक्षणको क्षेत्रमा सक्रियताका साथ कार्य भइरहेको छ ।

५. बिभिन्न पर्चा, पम्प्लेट, पत्राचार, सूचना वोर्ड जडान भएको छ ।

६. सुरक्षा निकायको समन्वयमा सचेतना कार्यक्रम संचालन भएको छ ।

७. बालश्रम, बाल विबाह, बाल कुलत विरुद्धको कानुनी व्यवस्था साथै बालअधिकार सम्वन्धी माईकिंङ कार्यक्रम गरिएको छ ।

८. टोल तथा विद्यालय बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण कार्यक्रम संचालन भएको छ ।

९. विभिन्न पसल, ग्यारेज, होटलमा बालश्रम, सूर्तिजन्य, मदिराजन्य पदार्थको बिक्रि वितरण नगराउने प्रतिबद्धता सहित फ्लेक्समा हस्ताक्षर गराई टाँस गरिएको छ।

१०. समुदाय र विद्यालयमा बालविवाह, बालश्रम, बालकुलत वारेमा अभिमुखिकरण गरिएको।

११. बालश्रममा भेटिएका बालबालिकालाई बालअधिकार समितिद्धारा उद्धार, मनोसामाजिक परामर्श गरि बालबालिकालाई पारिवारिक पुनर्स्थापना र नियमित पठनपाठनमा जोड दिईएको छ।

१२. सबै विद्यालयमा लागुपदार्थ दुर्व्यसनी, साइबर अपराध सम्बन्धी अभिमुखिकरण सम्पन्न।

१३. सबै विद्यालयद्वारा बालबालिकालाई शारिरिक, मानसिक यातना नदिने प्रतिबद्धता गरिएको।

१४. बालविवाह, बालश्रम लगायत बालबालिका विरुद्ध हुने अन्य हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन।

१५. बालसंरक्षण सम्बन्धी पर्चा, पम्प्लेट वितरण गरिएको।

१६. कुलतमा लागेका बालबालिकाका लागि नगरले गरेको सम्झौता अनुसार बालकको हकमा मामाघर नेपाल र बालिकाको हकमा माईती नेपालमा मनोपरामर्श र आवश्यक उपचार सहितको अल्पकालिन आवासिय व्यवस्थापन गरिएको।

१७. वडा कार्यालय, प्रहरी कार्यालय र विद्यालयमा बालमैत्री सम्पर्क व्यक्ति तोकीएको।

### ६. बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्थाः

| क्र. स. | सूचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवस्था (२०८१/९/१६ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १००% | १००% | वडाको घटना दर्ताको जन्मदर्ता अभिलेख अनुसार सबैको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको | | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको, यस वडाका १४ वर्ष मुनिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुनर्स्थापना भएको हुनेछ। | | | | बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १००% | १००% | वडा बाल अधिकार समिति, टोल विकास र बाल समूहबाट सचेतनामुलक कार्यक्रम साथै नियमित अनुगमन एवं निगरानी भएको, २०८० श्रावण देखि हालसम्म २० वर्ष मुनिका विबाह नभएको। |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | | ८५% | ८०% | वडा बालअधिकार समिति, टोल विकास, आमा समूह, सुरक्षा निकाय र बाल समूहको सक्रियतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल रहेको, सचेतनामुलक अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भई रहेको हुदा यस्ता दुर्व्यवहारमा कमि आई रहेको छ । |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याईएको हुनेछ । | | १००% | १००% | वडा बालअधिकार समितिको वैठक नियमित, टोल विकास, आमा समूह, सुरक्षा निकाय र बाल समूहको सकृयता मा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल, वडामा बालमैत्री सम्पर्क शाखा स्थापना, वडा, विद्यालय र प्रहरी चौकीमा बालमैत्री सम्पर्क व्यक्ति तोकेको र गुनासो पेटिका राखि सुनुवाईको व्यवस्था मिलाईएको छ । |
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | | ९६% | ९५% | यस वडामा महिनावारी सम्बन्धी केही कुप्रथा रहेको भएपनि अन्य प्रकारका कुप्रथा नरहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएका) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन्। | | १००% | १००% | यस वडामा रहेका २ जना असहाय बालबालिका रहेकोमा नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध भईरहेको । |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ ।( सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्वस्थापन भएको हुने। | | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |
| ९ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन । |
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | | १००% | १००% | कुलतमा लागेका बालबालिकालाई परामर्शदाताको सल्लाह अनुसार परामर्श सहित उपचार गरि पारिवारिक पुनर्स्थापना गरिने प्रणालीको विकास गरिएको छ । |

## ७. बाल विकासका सूचक हाँसिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:

१. हरेक विद्यालयमा छात्र छात्राको अलग अलग शौचालय पहिचानका लागी संकेत वोर्ड जडान।
२. सेनेटरी प्याड वितरण र ईन्सिनेटर च्याम्बरको व्यवस्था ।
३. विद्यालयका प्र.अ.हरु, बि.ब्य.स. सम्पर्क शिक्षकसंग बालविकासका सूचकहरुमा विशेष छलफल ।

४. बालमैत्री सम्पर्क शिक्षकहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण ।
५. सामुदायिक र संस्थागत दुवै विद्यालयलाई खेलकुद सामाग्री वितरण।
६. विद्यालयमा बालमैत्री आचारसंहिता र बालअधिकार सम्बन्धी फ्लेक्स ब्यानर, पर्चा वितरण।
७. अतिरिक्त क्रियाकलाप संचालन भए नभएको अनुगमन।
८. विद्यालयमा कुहिने र नकुहिने फोहोर वर्गीकरण सम्वन्धी अतिरिक्त कक्षा सञ्चालन, लेवल अनुसार डस्विनमा फोहोर सङ्कलन र उचित विसर्जन।
९. घरदैलो गरि विद्यालय भर्ना अभियान।
१०. लगातार विद्यालय अनुपस्थित हुने बालबालिकाको अभिभावक तथा विद्यार्थीसंग छलफल कार्यक्रम।
११. विद्यालयमा कक्षा कोठा र शौचालयमा जान न्यामको व्यवस्थापन।
१२. बा. वि. केन्द्रका विद्यार्थीको सिकाई उपलब्धी सहितको व्यक्तिगत फाइल व्यवस्थापन।
१३. सामुदायीक विद्यालयमा १ देखि ५ कक्षासम्मको बालबालिकाको लागि दिवा खाजाको व्यवस्था।
१४. विद्यालय तथा समुदायमा बालअधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री आचार संहिता लगायत अन्य सुचनामुलक भित्ते लेखन (चित्र सहित)।
१५. विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन।
१६. गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती।

## ८. बाल विकासका सूचकहरूको विद्यमान अवस्थाः

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था०/७९८० | हालको अवस्थ मिति २०८१।९।१६ सम्म | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता | | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ) | | | | |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभुत शिक्षा१ देखि कक्षा ८ ) (सम्मपुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभुत शिक्षा प्राप्त गरेको। |
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | | १००% | १००% | ५ सामुदायिक र १ संस्थागत गरि ६ वटा विद्यालय सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय, प्याडजन्य फोहोरको उचित व्यवस्थापन भएको छ। |
| ४ | सबै विद्यालयका पूर्वाधार ) कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा बालमैत्री (, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयका पूर्वाधार कक्षाकोठा ), फर्निचर, खेलमैदान, खानेपानी धारा (सुधार पश्चात बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएको। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त क्रियाकलापमा सहभागी गराई सोको अभिलेखिकरण गरिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | | १००% | १००% | सबै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरि उचित विसर्जन गर्ने गरेको। |

## ९. बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरूः

१. बालसमूह स्टेशनरी सहितको टिनको बाकस वितरण गरि नियमित बैठक संचालन ।
२. बालसमूह र संजालद्वारा नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन र अतिरिक्त क्रियाकलापका लागि बजेट व्यवस्थापन (वडा मार्फत) ।
३. वडास्तरीय बाल समूह संजाल र सबै बाल समूहहरुलाई खेलकुद सामाग्री वितरण।
४. वडा बालमैत्री समितिद्धारा बालबालिका, अभिभावक तथा समाजका अगुवा सहितको उपस्थितीमा बालसमूहको महत्व र बालमैत्री स्थानीय शासनको विषयमा सचेतना सहित १९ वटा बालसमूह र १ वडास्तरीय बाल संजाल गठन तथा परिचालन।
५. वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिती, विपद् व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति(आमन्त्रित), विद्यालय व्यवस्थापन समिति(आमन्त्रित) र टोल विकास समितिमा(आमन्त्रित) १ बालक र १ बालिकाको सहभागिता सूनिश्चत भएको।
६. बालबालिकाहरुलाई बालअधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास र बालसमूह व्यवस्थापन एवं कार्ययोजना निर्माणमा सहजीकरण ।
७. वडास्तरीय बालभेला आयोजना तथा माग भई आएका योजना वार्षिक बजेटमा समावेश भई कार्यान्वयन भएको।
८. वडा र विभिन्न संघसंस्थाबाट क्षमता विकास अभिमुखिकरण कार्यक्रम।
९. विद्यालय, टोल, वडा र नगरस्तरीय विभिन्न कार्यक्रमहरुमा बालबालिकाको अर्थपुर्ण सहभागिता।

## १०: वडाको शासकीय संरचनामा बालबालिकाको अर्थपूर्ण सहभागिताको स्थितीः

| क्र.स. | सहभागिता भएको निकाय | बालक | बालिका | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विपद् व्यवस्थापन समितिमा | १ | १ | २ |
| ४ | विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित | ५ | ५ | १० |
| ५ | स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| ६ | बाल समुह संजाल | ११ | १४ | २५ |
| ७ | टो .वि.स. मा | १ | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | २१ | २४ | ४५ |

## १०. हेटौंडा उपमहानगरपालिका वडा नं. १ मा रहेका बालसमूहको नामावली

| क्र.स | बाल समूहको नाम | बालक | बालिका | जम्मा | अध्यक्षको नाम |
|---|---|---|---|---|---|
| विद्यालयस्तरीय बाल समूह | | | | | |
| १ | अमरबाल समूह | १३ | १२ | २५ | विकल्प अर्याल |
| २ | कालिका बाल समूह | १२ | ११ | २३ | विपना पाखिन |
| ३ | स्वरस्वती बाल समूह | ७ | ४ | ११ | सुनिल वाईवा |
| ४ | भैरव बाल समूह | ९ | ४ | १३ | प्रनिशा मगर |
| ५ | यातायात बाल समूह | १५ | १० | २५ | प्रज्जवल तिमल्सेना |
| ६ | बाराही बाल समूह | ५ | ५ | १० | अरुणिमा स्याङतान |
| **टोल स्तरीय बाल समूह** | | | | | |
| १ | बज्रज्ञान बाल समूह | ७ | १० | १७ | पुजा थिङ |
| २ | सम्बृद्ध बाल समूह | ४ | ११ | १५ | स्वास्तिका ढुंगाना |
| ३ | नानीमाया बाल समूह | १० | १३ | २३ | सुदिप वाईवा |
| ४ | स्वालम्बि बाल समूह | ३ | १८ | २१ | असिष्मा पुडासैनी |
| ५ | कोपला बाल समूह | ७ | १० | १७ | युनिका लोप्चन |
| ६ | मैनटार बाल समूह | १२ | १३ | २५ | विवेक स्याङतान |
| ७ | उत्कृष्ट बाल समूह | ९ | ९ | १८ | सिमा सिलवाल |
| ८ | ध्याङसिङटार बाल समूह | ५ | १६ | २१ | निराशा घलान |
| ९ | विन्दाबासिनि बाल समूह | ११ | १४ | २५ | गुंजन राउत |
| १० | चेतनशिल बाल समूह | ७ | ९ | १६ | विपासा पुडासैनी |
| ११ | शान्ती सृजना बाल समूह | १४ | ११ | २५ | दिप्सना मगर |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | हातेमालो बाल समूह | ८ | १६ | २४ | आयुष्मा अर्जेल |

## १२. हेटौंडा उपमहानगरपलिका वडा नं. १ मा रहेको वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामवली

| क्र.स. | नाम | पद | बाल समूहको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | आयुष्मा अर्जेल | अध्यक्ष | हातेमालो बाल समूह | हेटौडा-१ |
| २ | निराशा घलान | उपाध्यक्ष | ध्याङसिङटार बाल समूह | हेटौडा-१ |
| ३ | सिमा शिलवाल | सचिब | उत्कृष्ट बाल समूह | हेटौडा-१ |
| ४ | दिनेश राम | सहसचिब | स्वालम्बन बाल समूह | हेटौडा-१ |
| ५ | विकल्प अर्याल | कोषाध्यक्ष | अमर बाल समूह | हेटौडा-१ |
| ६ | पुजा बुढामगर | सदस्य | बाराहि बाल समूह | हेटौडा-१ |
| ७ | विपना पाखिन | सदस्य | बज्रज्ञान बाल समूह | हेटौडा-१ |
| ८ | गुञ्जन राउत | सदस्य | विन्दाबासिनी बाल समूह | हेटौडा-१ |
| ९ | रिकेश लोप्चन | सदस्य | कोपिला बाल समूह | हेटौडा-१ |
| १० | प्रसंग के.सि. | सदस्य | विन्दाबासिनी बाल समूह | हेटौडा-१ |
| ११ | स्वास्तिका ढुंगाना | सदस्य | सम्बृद्ध बाल समूह | हेटौडा-१ |
| १२ | विपाशा पुडासैनी | सदस्य | चेतनशिल बाल समूह | हेटौडा-१ |
| १३ | श्रेशा सुवेदी | सदस्य | शान्ती सृजना बाल समूह | हेटौडा-१ |
| १४ | अनुप्रस्था देवकोटा | सदस्य | शान्ती सृजना बाल समूह | हेटौडा-१ |
| १५ | एटिनस श्रेष्ठ | सदस्य | कोपिला बाल समूह | हेटौडा-१ |
| १६ | ईशान राई | सदस्य | नानीमैया बाल समूह | हेटौडा-१ |

| | | | | |
|---|---|---|---|---|
| १७ | असिस्मा पुडासैनी | सदस्य | स्वालम्बी बाल समूह | हेटौडा-१ |
| १८ | प्रियुस कुमार | सदस्य | हातेमालो बाल समूह | हेटौडा-१ |
| १९ | सक्षम गिरी | सदस्य | अमर बाल समूह | हेटौडा-१ |
| २० | विश्वास ढुंगाना | सदस्य | सम्बृद्ध बाल समूह | हेटौडा-१ |
| २१ | सपना पाखिन | सदस्य | बज्रज्ञान बाल समूह | हेटौडा-१ |
| २२ | दिप तमाङ्ग | सदस्य | नानिमैया बाल समूह | हेटौडा-१ |
| २३ | सुविक्षा रसाईली | सदस्य | शान्ती सृजना बाल समूह | हेटौडा-१ |
| २४ | विवेक स्याङतान | सदस्य | मैनटार बाल समूह | हेटौडा-१ |
| २५ | दिप्सन के.सी. | सदस्य | कोपिला बाल समूह | हेटौडा-१ |

**१३. हेटौंडा उपमहानगरपलिका वडा नं. १ को वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समितिमा भएका व्यक्तिहरूको नामावली**

## वडा समिति

| क्र.स. | पद | नाम | प्रतिनिधित्व गर्ने निकाय |
|---|---|---|---|
| १ | अध्यक्ष | सविन न्यौपाने | वडा अध्यक्ष १ नं. वडा |
| २ | सदस्य | मनु दाहाल | वडा सदस्य १ नं. वडा/ बालमैत्री सम्पर्क व्यक्ति |
| ३ | सदस्य | ईश्वरी विश्वकर्मा | वडा सदस्य १ नं. वडा |

| | | | |
|---|---|---|---|
| ४ | सदस्य | रामकृष्ण अधिकारी | वडा सदस्य १ नं. वडा |
| ५ | सदस्य | सोनाम सिंह भ्लोन | वडा सदस्य १ नं. वडा |
| ६ | सदस्य सचिव | शान्ता देवी लौडारी | वडा सचिव |

**बालमैत्री स्थानीय शासन वडा समिति**

| क्र.स. | नाम थर | पद | प्रतिनिधित्व गरेको निकाय |
|---|---|---|---|
| १ | अध्यक्ष | सविन न्यौपाने | वडा अध्यक्ष १ नं. वडा |
| २ | सदस्य | मनु दाहाल | वडा सदस्य १ नं. वडा/ बालमैत्री सम्पर्क व्यक्ति |
| ३ | सदस्य | ईश्वरी विश्वकर्मा | वडा सदस्य १ नं. वडा |
| ४ | सदस्य | रामकृष्ण अधिकारी | वडा सदस्य १ नं. वडा |
| ५ | सदस्य | सोनाम सिंह भ्लोन | वडा सदस्य १ नं. वडा |
| ६ | पार्वती पौडेल | सदस्य | स्वास्थ्य चौकि प्रमुख |
| ७ | रुपा ढुंगाना | सदस्य | टो.वि.स. समन्वय समितिको अध्यक्ष |
| ८ | लक्ष्मि आचार्य | सदस्य | मेलमिलाप सहजकर्ता |
| ९ | मालति उप्रेती | सदस्य | अमर मा.वि.प्र.अ. |
| १० | श्याम सुनार | सदस्य | वि. व्या. स. अध्यक्ष भैरव आ.वि. |
| ११ | कृष्ण प्रसाद बतौंला | सदस्य | यातायात ई.ई. प्रधानाध्यापक |
| १२ | शान्ती पाख्रिन | सदस्य | महिला स्वास्थ्य स्वयेम सेविका |
| १३ | अनुप्रस्था देवकोटा | सदस्य | वडा बाल संजाल बालिका |
| १४ | सुदिप वाईवा | सदस्य | वडा बाल संजाल बालक |
| १५ | शान्ता देवी लौडारी | सदस्य सचिव | वडा सचिव |

*वडा बालअधिकार समिति*

| क्र.स. | पद | नाम | प्रतिनिधित्व गरेको निकाय |
|---|---|---|---|
| १ | अध्यक्ष | सविन न्यौपाने | वडा अध्यक्ष १ नं. वडा |
| २ | सदस्य | रामकृष्ण अधिकारी | वडा सदस्य १ नं. वडा |
| ३. | सदस्य | सुस्मिता पाण्डे | |
| ४. | सदस्य | सम्राट शिलवाल | |
| ५. | सदस्य | मालती उप्रेती | अमर मा.वि.प्र.अ. |
| ६. | सदस्य | शकुन्तला थापा | |
| ७. | सदस्य | रमेश न्यौपाने | |
| ८. | सदस्य | संजित शाह | |
| ९. | सदस्य | विकल्प अर्याल | वडा बाल संजाल बालक |
| १०. | सदस्य | गुञ्जन राउत | वडा बाल संजाल बालिका |
| ११. | सदस्य सचिव | शान्ता देवी लौडारी | वडा सचिव |

## १४. बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था

| क्र.स. | सूचक | आधार वर्षको अवस्था ०७९) (८०/ | हालको अवस्था २०८१/०९/१६ | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल न्युनतम वार्षिक ३ वटा बैठक ), ३ वटा कार्यक्रम संचालन ( रहेकाहुनेछन् । | | १००% | १००% | मिति २०८०/१/३० गते गठन भएको वडास्तरीय बालसंजालको बैठक र अतिरिक्त क्रियाकलाप नियमित र नगरमा सूचीकृत। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्थानीय तहमा वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल समुह गठन भै क्रियाशील ) न्युनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन रहेका ( हुनेछन् । | | १००% | १००% | टोलस्तरीय १२ र विद्यालयस्तरीय ६ वटा गरि १८ बाल समूहको बैठक र अतिरिक्त क्रियाकलाप नियमितसबै , बालसमूह वडामा सूचीकृत। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ | | १००% | १००% | पाँच कक्षाभन्दा माथी अध्ययन हुने ५ वटा विद्यालयका ब्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल समुहको संजालको प्रतिनिधित्व रहनेछ। | | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना / समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | १००% | १००% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिएको। , |
| ६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समाबेश भएका हुनेछन्। | | १००% | १००% | मिति २०८०/०१/३० गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरिएको , पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## १५. संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू:

१. वडामा बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समिति गठन भई क्रियाशील रहेका।
२. वडामा बालमैत्री शाखा स्थापना भई एक जनप्रतिनिधीलाई बालमैत्री सम्पर्क व्यक्तिको जिम्मेवारी दिईएको र बालमैत्री वडा सहजकर्ता परिचालन।
३. बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
४. वडामा रहेको बालउद्यान भित्र बालमैत्री सिकाई स्रोतकेन्द्र निर्माणाधिन अवस्थामा रहेको ।
५. बाल वस्तुगत विवरण र सेवा प्रदायकको तथ्याङ्क विश्लेषणको आधारमा बालबालिकाको लागि पञ्चवर्षिय लगानी योजना तर्जुमा गरी कार्यान्वन भईरहेको ।
६. बालभेलाबाट माग भई आएका योजनाको आधारमा स्थानीय तहको विकास योजना तर्जुमा र कार्यान्वयन।

७. बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन तयारी।
८. प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र
९. व्यवस्थापन कार्यविधि तथा विद्यालय बस सञ्चालन निर्देशिका प्रकाशन, वितरण एवं कार्यान्वयन भएको ।
१०. बालमैत्री, वातावरण मैत्री र विपद् ब्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सत्र सञ्चालन भईरहेको ।
११. स्थानीय प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरी संचालनमा रहेको र बालमैत्री सम्पर्क व्यक्ति तोकिएको।
१२. वडा कार्यालय सङ्गै रहेको स्वास्थ्य संस्थामा स्तनपान कक्षको ब्यवस्थापन भएको ।
१३. बाल संरक्षण प्रणाली अन्तरगत नगरस्तरीय बालकोषको व्यवस्थापन गरिएको।
१४. विपन्न छात्र छात्रालाई छात्रवृत्ती सहयोग।
१५. विद्यालय तथा सार्वजनिक भवनमा बालमैत्री, अपाङ्गमैत्री संरचना।
१६. विपद् व्यवस्थापन समिति मार्फत विपद्को समयमा बालबालिका केन्द्रित बजेट विनियोजन र संस्थागत व्यवस्थापन।

**१६. संस्थागत सूचकहरूको विद्यमान अवस्था**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित संस्थागत विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्रस | सूचक | आधार वर्षको अवस्था) ०७९ ८०/ ( | हालको अवस्था) २०८१ /९/१६ सम्म( | घोषणा को लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | वडानगरपालिका तहमा /गाउँ/ बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन्। | | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सक्रिय रहेको। |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १००% | १००% | निम्न नीतिकार्यविधि र निर्देशिका , :कार्यान्वयनमा ल्याईएको<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति २०७९ (बालमैत्री आचारसंहिता समावेश गरिएको)<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन२०७७,<br>• बाल समूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७६, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • बालकोष स्थापना र सञ्चालन कार्यविधि , २०७९<br>• बालमैत्री स्थानिय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि२०७७ ,<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि २०८० ,<br>• विद्यालय बस सञ्चालन निर्देशिका२०८० , |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र संचालनमा रहेको हुनेछ। | | १००% | ८०% | • नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत हेटौडा -५ पुष्पलाल पार्कमा बालमैत्री स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | | १००% | १००% | बाल बस्तुगत विवरण तयार भए पश्चात २०८०।१०।१५ मा पञ्चबर्षीय लगानी योजना तयार गरी नगरकार्यपालिका बाट स्वीकृत भएको । |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ / नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछन्। | | १००% | १००% | मिति २०८०/०१/३० गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समाबेश गरि कार्यान्वयन भएको। |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १००% | १००% | वडा नं .१ को अन्तिम स्थिति पत्र २०८१ जारी भएको । |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस नगरको वडाका ६ वटै बाल विकास केन्द्र प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि२०८० , को मापदण्ड अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद | | १००% | १००% | सबै विद्यालयले अतिरिक्त क्रियाकलाप अन्तर्गत बालमैत्री वातावरणमैत्री र विपद् , व्यवस्थापन सम्वन्धी प्रयोगात्मक कक्षा सञ्चालन गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा संचालन गरेका हुनेछन् । | | | | |
| ९ | आधारभूत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा व्यवसायिक तथा ) प्राप्त गरेका (सीपमूलक तालिम हुनेछन् । | | ९०% | %८० | यस वडामा आत्धारभूत शिक्षा बाट केहि बालबालिकाहरु बञ्चित रहेता पनि अन्य बालबाललिकालाई नियमित रुपमा व्यवहारिक ज्ञान बोली ,व्यवहार पारिवारिक संस्कार बारे , जीवन उपयोगी शिक्षा दिने गरिएको । र विद्यालय विमुख बालबालिकालाई जीवनोपयोगी सिप नगरमार्फत दिन उनीहरुको डाटा संकलन गरिदै गरेको |
| १० | स्थानीय तहमा रहेका प्रहरी चौकीहरुमा बालमैत्री (कार्यालय) कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ। | | १००% | १००% | स्थानीय ईलाका प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| ११ | विधार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १००% | १००% | यस वडाका १ वटा विद्यालयले सञ्चालन गरिरहेको स्कुल बस विद्यालय बस सञ्चालन निर्देशिका२०८०को मापदण्ड अनुरुप , सञ्चालन हुँदै गरेको । |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | १००% | १००% | वडामा स्तनपान कक्षको व्यवस्था भएको। |
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १००% | १००% | यस वडामा रहेको सार्बजनिक स्थानमा खानेपानी धारा र शौचालय बालमैत्री रहेको छ। |
| १४ | स्थानीय तहको विपद व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १००% | १००% | बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १००% | १००% | नगरस्तरीय विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

**१७. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण तथा तहगत खुड्कीला प्राप्ती सम्वन्धी विवरणः**

| | क्र स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| पुर्वतयारी चरण | १ | कार्यपालिकाबाट आफ्नो गापा/नपालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने | √ | | मिति २०७९/५/५ गतेको नगर कार्यपालिकाको निर्णयको प्रतिलिपि |
| | २ | बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई अभिमूखिकरण गर्ने | √ | | • मिति २०७९ मंसिर ११ गते सम्पन्न भएको अभिमुखिकरण कार्यक्रमको उपस्थिति, प्रतिवद्धता पत्र तथा तस्वीरहरू<br>• यस वडामा २०७९ मंसिर देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरेको माइन्युटको प्रतिलिपी<br>• २०७९ फाल्गुन पश्चात विभिन्न मितिमा टोलस्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालनको प्रतिलिपि |
| | ३ | कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगरस्तरीय समितिबाट लिखित प्रतिवद्धता गर्ने | √ | | वडास्तरीय सरोकारवालाहरूलाई अभिमुखिकरणको दिन गरिएको सामुहिक प्रतिवद्धता फ्लेक्सको फोटो |
| | ४ | बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने | √ | | • २०७९ फाल्गुन देखि जेष्ठ सम्ममा घरधुरी सर्वेक्षण<br>• घरधुरी सर्वेक्षणको आधारमा बाल वस्तुगत विवरण तयार र २०८० पौष २४ मा बाल बस्तुगत विवरण छलफल र बाल वस्तुगत विवरणको १ थान किताव प्रकाशन |
| | ५ | बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने | √ | | मिति २०८० मंसिर १४ गतेका दिन बालमैत्री स्थानीय शासनका सुचक मापनयोग्य सरलिकरण कार्यशाला सञ्चालन प्रतिलिपी/फोटो |
| | ६ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि निर्देशिका र आचारसंहिता तयार गर्ने | √ | | • हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७७<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ ( बालमैत्री आचारसंहिता समावेश गरिएको)<br>• बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७६<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०<br>• विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |

| | क्र. स. | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| तयारीको चरण | १ | गाउँपालिका/नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रबन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने। | √ | | मिति २०७९/०८/११ को निर्णय अनुसार वडा सदस्य श्री मनु दाहाललाई बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र निजको कार्यकक्षमा बालमैत्री सम्पर्क शाखा रहने तोकिए बमोजिम व्यवस्थापन रहेको कागजात प्रमाण |
| | २ | बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने वडाहरू छनोट गर्ने | √ | | मिति २०७९/०५/०५ मा नगर कार्यपालिकाद्वारा सम्पुर्ण वडा सहित नगरलाई बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउने निर्णयको प्रतिलिपि |
| | ३ | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने | √ | | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय संग बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अन्तरक्रिया गरि प्रतिवद्वतामा हस्ताक्षर गरेको प्रतिलिपि र फोटो |
| | ४ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार गर्ने | √ | | २०८० /१०/१५ मा पञ्चवर्षिय लगानी योजना तयार गरि प्रकाशन गरिएको १ थान किताव |
| | ५ | बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने | √ | | बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९ (राजपत्रमा प्रकाशित) |
| | ६ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लव, बाल सञ्जाल टोल विकास संस्था।समुदायमा आधारित | √ | | विद्यालयस्तरीय ६, टोलस्तरीय १२ र १ वटा वडा बाल संजाल गठन भई क्रियाशिल रहेको माइन्युटको प्रतिलिपी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्थाहरूको गठन र परिचालन गर्ने | | | |

| | क्र.स. | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| नि ति यो ज | १ | लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने | √ | | • नगर कार्यान्वयन सहजिककरण समिति गठन एवं परिचालन बैठक आदिको प्रतिलिपी<br>• लगानी योजना अन्तर्गतका नतिजामुखी कार्ययोजना तयार र कार्यान्वयनको प्रतिलिपी |
| ना त र्जु | २ | छनोट भएका क्रियाकलापहरूका लागि आवश्यक बजेट विनियोजन गर्ने | √ | | नगर सभाद्वारा गरिएको निर्णय र वार्षिक बजेट, नीति तथा कार्यक्रम (रातो किताब) |
| मा का या न्व | ३ | साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने | √ | | • सबै साझेदार र सरोकारवालालाई साझेदारी समन्वय र कार्यान्वयन गराउनका लागि नगरस्तरीय गठित कार्यन्वयन सहजिकरण समितिको अभिलेख<br>• सरोकारवालाको समन्वय संजाल निर्माण बाँकी |
| य न को | ४ | स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने | √ | | मिति २०८०/०८/१४ मा बालमैत्री स्थानीय शासन वडा समितिद्वारा स्विकृत गरिएको वडास्तरीय बालमैत्री स्थानीय शासन अवलम्वन तथा कार्यान्वयनका लागि कार्ययोजना |
| चर ण | ५ | बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने | √ | | विषयगत शाखाहरूले नगरलाई लेखिदिएको प्रतिवद्धता पत्रहरू |

| | क्र.स | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| अनु गम न मु ल्या | १ | वडा समिति, गाउँ/नगरस्तरीय समितिबाट सूचक सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा, अनुगमन र समिक्षा गरी प्रतिवेदन तयार गर्ने | √ | | स्थलगत अनुगमन गरेको चेकलिष्टहरू, अन्तिम सूचक मापन र वडाको अन्तिम प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ्कन र प्रतिवेदन को चरण | २ | बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने | √ | | बालमैत्री स्थानीय शासनको अन्तिम स्थीतीपत्र , २०८१ छापिएको |
| | ३ | बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने। | √ | | शाखागत रूपमा स्थलगत अनुगमनको चेकलिष्ट |
| | ४ | वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने। | √ | | विषयगत शाखाद्वारा आ-आफ्नो क्षेत्रगत सूचक प्रमाणित गरी वडामा पेश गरेको प्रतिलिपि |
| | ५ | बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमती प्रदान गर्ने | √ | | वडा घोषणका लागि नगर कार्यपालिकाको स्वीकृति बैठकको निर्णय र वडालाई दिएको अनुमति पत्र |

| | **क.स** | **विवरण** | **पुरा भएको** | | **कार्यसम्पन्न मिति र सम्वन्धित विवरण** |
|---|---|---|---|---|---|
| | | | **छ** | **छैन** | |
| **बालमैत्री वडा गापा नगर घोषणा तथा** | १ | बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने | √ | | घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना छापिएको किताव |
| | २ | बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/ घोषणा गर्न सम्बन्धित गाउँ नगर सभाको निर्णय | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागि आवश्यक कागजात प्रतिवेदन नगर कार्यपालिकामा पेश गरि नगर कार्यपालिकाको बैठकको निर्णय पश्चात सो निर्णयको प्रतिलिपी समावेश गरिनेछ। |
| | ३ | बालमैत्री वडा/गाउँपालिका/ नगरपालिका घोषणा | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेपछि अभिलेख प्रतिवद्वता समावेश गरिनेछ। |
| | ४ | बालमैत्री वडा/गाउँपालिका/ नगरपालिका घोषणापश्चातको रणनीतिक योजना कार्यान्वयन | √ | | पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका लागि वडासमितिले प्रतिवद्धता सहित गरेको निर्णयको प्रतिलिपि। |
| | ५ | वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन गर्ने | √ | | वडाको अन्तिम प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| **दि गो प ना को चर ण** | ६ | बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता। | √ | | • वडामा एक जना बालमैत्री सहजकर्ता, एकजना सम्पर्क व्यक्ति तोकिएको र वडा सदस्यहरुलाई टोल विभाजन जिम्मेवारी बाँडिएको<br>• वडा बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमूह र सञ्जाल तथा वडा समितिले बालमैत्री स्थानीय शासन दिगोपनाका लागि प्रतिवद्धता गरेको निर्णयको प्रतिलिपी। |

**१८. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्थाः**

*बालबालिकाको लागि स्थानीय लगानी योजनाः*

१ न. वडाले यस आर्थिक वर्षमा बालमैत्री स्थानीय शासनका कार्ययोजना तयार गरि स्थानीय विकास योजना (नीति तथा कार्यक्रम)मा समावेस गरेको छ ।वडाका जनप्रतिनिधि, महिला, बालबालिका, दलित, आदिवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक लगायत सम्पूर्ण सरकोकारवालाको संलग्नतामा स्थानीय लगानी योजना तयार हुनुका साथै यसको कार्यान्वयनको अवस्था पनि राम्रो छ । यस वडाका अधिकतम योजनाहरु कार्यान्वयन हुने गरेका छन् ।

बालबालिकाको क्षेत्रमा यस वडाले बजेट विनियोजन गरी बालबालिकाद्धारा माग र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा निर्देशित कार्यक्षेत्रमा लगानी गरेको छ ।साथै वडाको हरेक वार्षिक र आवधिक योजनाहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता मार्फत नै योजनाहरु माग भइ कार्यान्वयनको चरणमा जाने समेत आवधिक लगानी योजना (पञ्चवर्षिय) मार्फत सुनिश्चित गरिएको छ। वार्षिक रुपमा बाल भेला गराई सो भेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजनालाई वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयनमा समेत ल्याईएको हुनाले योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ ।

यस वडाको आ.व.२०८०/८१ अनुसार बालमैत्री स्थानीय शासनको क्षेत्रमा समावेश भएका योजनाहरु यस प्रकार रहेका छन् ।

| क्र.स. | सम्पन्न कृयाकलाप | रकम | बजेट बेहोर्ने निकाय |
|---|---|---|---|
| १ | चित्रकला प्रतियोगिता | ५०,०००। | वडा कार्यालय |
| २ | हाजिरि जवाफ कार्यक्रम | ५०,०००। | वडा कार्यालय |
| ३ | बालमैत्री घरदैलो सूचना टाँस | १२,०००। | वडा कार्यालय |
| ४ | टोल अभिमुखिकरण कार्यक्रम | ५०,०००। | वडा कार्यालय |

| | | | |
|---|---|---|---|
| ५ | पसलमा राखिने व्यवसायिक फ्लेक्स | ४०,०००। | वडा कार्यालय |
| ५ | हस्तलेखन कार्यक्रम | ५०,०००। | वडा कार्यालय |
| ६ | कविता लेखन कार्यक्रम | ५०,०००। | वडा कार्यालय |
| ७ | बक्तृत्वकला कार्यक्रम | ५०,०००। | वडा कार्यालय |
| ८ | सास्कृतिक कार्यक्रम | ७०,०००। | वडा कार्यालय |
| ९ | अमर स्कुल घोषणा कार्यक्रम | १,३०,०००। | |
| १० | बाल विवाह सम्बन्धी सचेतना मूलक कार्यक्रम | ३०,०००। | वडा कार्यालय |
| ११ | दुर्व्यसनी विरुद्ध सचेतना मूलक कार्यक्रम | ३०,०००। | वडा कार्यालय |
| १२ | प्रारम्भिक सूचक मापन | ७०,०००। | वडा कार्यालय |
| १३ | बाल भेला | २०,०००। | वडा कार्यालय |
| १४ | अन्तिम सूचक मापन | ३०,०००। | वडा कार्यालय |
| | जम्मा | ७,३२,०००। | |

**धन्यबाद!!!**